SHRESTHA SUNIL & ASSOCIATES
Chartered Accountants

स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन,

सदस्य महानुभावहरु,

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड,

पनौती-०७, काभ्रेपलान्चोक

कैफियत सहितको राय,

हामीले **उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पछि **'संस्था'** भनिएको छ) यसै साथ संलग्न मिति २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा अन्त्य भएको आर्थिक वर्ष २०८१/०८२ को नाफा वा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरुको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको राय व्यक्त गर्ने आधारहरु खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८२ आषाढ मसान्तको वित्तीय अवस्था र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको अवस्था, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तनको अवस्था प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

कैफियत राय व्यक्त गर्ने आधारहरु,

हामीले लेखा परीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखा परीक्षण मानको आधारमा लेखा परीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखा परीक्षण मान अनुसार लेखा परीक्षण योजना तयार गरी तदअनुसार लेखा परीक्षण सम्पन्न गरिएको छ । सो अनुरुप हाम्रो जिम्मेवारी यस प्रतिवेदनको वित्तीय विवरणको लेखा परीक्षण उपर लेखा परीक्षकको दायित्व खण्डमा उल्लेख गरिएको छ ।

हामी नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम संस्थाबाट स्वतन्त्र छौं र सो आचार संहिता बमोजिम हामीले आचरणगत जिम्मेवारी वहन गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखा परीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

नेपाल वित्तीय प्रतिवेदन मानको आधारमा तयार गरिएका वित्तीय विवरणहरुमा असर पार्ने विषयहरु:

❖ NFRS 9 बमोजीमको ऋण नोक्सानीको व्यवस्था लेखांकन गर्न पर्याप्त तथ्यांक नभएका कारण संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको ऋण नोक्सानी प्रावधान पालन गर्ने नीति अप्नाएको छ | ऋण नोक्सानीमा निहित जोखिमलाई न्युनिकरण गर्न संस्थाद्वारा गरिएका कर्जा लगानीहरुलाई प्राधिकरणद्वारा जारी गरिएको नियामकीय मापदण्ड बमोजिम कर्जा लगानीलाई किस्ता/ब्याज भुक्तानी अवधिका आधारमा असल, कमसल, शंकास्पद तथा खराब ऋणमा वर्गिकरण गरी क्रमांगत रुपमा १, २५, ५० र १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ। तर संस्थाद्वारा उपरोक्त प्रावधान बमोजिम ऋण नोक्सानी व्यवस्था गरेको पाइएन ।

लेखा परीक्षणको मुख्य विषयहरु (Key Audit Matters)

संस्थाको यस अवधिको वित्तीय विवरणको लेखा परीक्षणका क्रममा हाम्रो व्यावसायिक निर्णयका आधारमा लेखा परीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरु नै लेखा परीक्षणको मुख्य विषयहरु हुन् । यी विषयहरु हाम्रो समग्र वित्तीय विवरणहरुको लेखा परीक्षणको क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयहरुमा छुट्टै राय प्रदान गर्दैनौ । हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखा परीक्षण सम्बन्धित कुनै मुख्य विषयहरु नरहेको हामीले निधर्कारण गयौं

Contact No: +977-9851238831
Email: info@sns-associate.com, cashresthasunil@gmail.com
New Baneshwor, Opposite Baneshwor Banquet, Kathmandu, Nepal

Kathmandu

विषयगत जोड, (Emphasis of Matter)

१. नोट ४.१९- "NFRS समायोजन कोष"

संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मानको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोदभावी आधारमा लेखाङ्कन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानी र सम्बन्धित स्थगन कर खर्चलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोष अन्तर्गत लेखाङ्कन गर्ने नीति अपनाइएको छ । उक्त विषयका सन्दर्भमा हाम्रो रायमा कुनै परिमार्जन भएको छैन ।

अन्य विषय, (Other Matter)

लेखा परीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित कमीकमजोरीहरु तथा सो निराकरणका लागि दिइएका सुझावहरु (व्यवस्थापन पत्र) प्रति यहाँहरुको ध्यानाकर्षण गर्दछौं ।

अन्य जानकारी (वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखा परीक्षकको प्रतिवेदन बाहेकको)

वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखा परीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखा परीक्षकको प्रतिवेदन बाहेकको संस्थाको समितिहरुको प्रतिवेदन पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखा परीक्षणको प्रतिवेदन मिति पश्चात् प्राप्त हुने अपेक्षा गरेका छौं ।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासनको निचोड व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको लेखा परीक्षणको सन्दर्भमा, अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखा परीक्षणको क्रममा प्राप्त गरेको ज्ञानहरुसँग सारभूत रुपमा असँगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हाम्रो जिम्मेवारी हो । हामीले गरेको कार्यहरुको आधारमा यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्षमा निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको दायित्व,

प्रचलित कानुन तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु संस्थाको व्यवस्थापनको जिम्मेवारी हो । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट एवम् कार्यान्वयन गर्ने र आवश्यकतानुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्नता (Going Concern) व्यवसाय गर्न सक्ने अवस्थाको आँकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक तथ्यहरुको खुलासा गर्नुपर्दछ । साथै संस्थालाई लिकुइडेट गर्न नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न निकाय सम्बन्धित लेखाको आधार प्रयोग गर्नुपर्दछ ।

संस्थाको शासकीय भूमिका वहन गर्नेहरुले संस्थाको वित्तीय प्रतिवेदन तयारीको प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखा परीक्षण उपर लेखा परीक्षकको दायित्व,

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरु जलसाजी वा त्रुटिका कारणले गलत आँकडा सहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिब आश्वस्तता प्राप्त गर्नु र लेखा परीक्षणको आधारमा हाम्रो राय सहितको लेखा परीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ । मनासिब आश्वस्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखा परीक्षणमान अनुसार गरिएको लेखाप रीक्षणले सारभूत रुपमा गलत वर्णन भएको अवस्था सधै पत्ता लगाउछ भन्ने प्रत्याभूति होइन ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखा परीक्षणमान अनुसार लेखा परीक्षण कार्य गर्दा लेखा परीक्षण अवधिभर पेशागत विवेक र व्यावसायिक सन्देह कायम गरेका छौं । यस क्रममा हामीले,

- ❖ जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखा परीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं ।
- ❖ जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भुल गर्ने काम, गलत प्रस्तुति वा आन्तरिक नियन्त्रणको उल्लङ्घन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम भन्दा बढी हुन्छ ।
- ❖ संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखा परीक्षण विधि अवलम्बन गर्न लेखा परीक्षणसँग प्रासङ्गिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं तर लेखा परीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुदैन ।
- ❖ संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं ।
- ❖ व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखा परीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधार संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ । साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखा परीक्षणको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखा परीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।
- ❖ व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र विवरणहरुको मूल्याङ्कन गरेका छौं ।
- ❖ लेखा परीक्षणको राय व्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यावसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखा परीक्षण प्रमाण प्राप्त गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखा परीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमीकमजोरी लगायत लेखा परीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखा परीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासङ्गिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

अन्य कानुनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन,

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं,

- ❖ हामीलाई लेखा परीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।
- ❖ हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले व्यवस्थापन पत्रका साथै निम्न बुँदागत रुपमा उल्लेख गरिएका विषयहरुमा बाहेक हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम रितपूर्वक राखिएको पाइयो ।
  - ● सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली र निर्देशन बमोजिमको सदस्य पहिचान र वर्गीकरण, प्रतिवेदन व्यवस्थापन र अनुपालन समिक्षा सम्बन्धित व्यवस्थाहरु संस्थाद्वारा थप प्रभावकारी रुपमा कार्यन्वयन गर्नु पर्ने पाइयो ।

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

- संस्थाद्वारा संरक्षित पुँजी फिर्ता कोषको रकम रु १८,०३,६२८.७८ सहकारी नियमावली बमोजिम वितरण नभई शेयर लाभांश वितरणका लागि प्रयोग भएको पाइयो ।
- संस्थाद्वारा प्रवाह गरिने एकमुष्ठ ऋण लगानी भन्दा किस्ताबन्दी ऋण लगानीमा थप जोड दिनु पर्ने देखिन्छ।
- संस्थाद्वारा सदस्यता प्रदान गरिएको तीन महिना व्यतीत नभई केही सदस्यहरुलाई ऋण लगानी गरिएको पाइयो ।
- संस्थाद्वारा कर्मचारी बोनस व्यवस्थाबाट कर्मचारीहरुलाई वितरण भए पश्चात् रहेको मौज्दात रकम रु ४,०७,८१२.३९ बोनस ऐन बमोजिम तोकिएका कर्मचारी कल्याणकारी कोषहरुमा स्थान्तरण नगरी संस्थाको साधारण जगेडा कोषमा आयकर व्यवस्था पश्चात् रकमान्तरण गरिएको पाइयो ।

❖ संस्थाले उपर्युक्त राय व्यक्त गर्ने आधारहरुमा जनाइएको कैफियतहरु बाहेक सहकारी ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं ।

❖ हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रहेको पाइयो ।

❖ हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौ ।

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

....

सि.ए. सुनिल श्रेष्ठ

एकल अभ्यासकर्ता,

नि.

श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स,
चार्टर्ड एकाउन्टेन्ट्स
स्थान: पनौती, काभ्रे

मिति : २०८२.०५.३१

UDIN: 250918CA01697BqpeP

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती न.पा. ७, काभ्रे

वित्तीय स्थितिको विवरण

२०८२ आषाढ ३२ को

रकम ने.रु.मा

विवरण	नोट	२०८२ आषाढ ३२	२०८१ आषाढ ३१ (पुनःस्थापित)	२०८० आषाढ ३१ (पुनःस्थापित)
सम्पत्ति				
नगद तथा नगद समान	४.१	१६७,९७४,३६०.४६	९३,१८१,६७०.३३	९८,७१८,१८४.४५
बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट	४.२	-	४४,०००,०००.००	३५,०००,०००.००
कर्जा लगानी	४.३	४९०,०६५,००२.१३	४५१,५२९,९७१.३३	४२०,२८७,१३२.८९
लगानी उपकरण	४.४	१,८८९,२३९.४९	१,६८३,७०८.५५	१,५५३,४६७.७८
चालु कर सम्पत्ति	४.५	-	१०७,६६८.५२	४४५,२५५.८३
लगानी सम्पत्ति	४.६	-	-	-
सम्पत्ति तथा उपकरण	४.७	४,८१९,८७२.९३	९३०,२३८.६७	१,०९९,६१४.५०
पट्टा सम्पत्ति	४.८	१२,९००,६९५.८६	१,७१६,८११.६१	२,२८९,०८२.१४
ख्याती तथा अमूर्त सम्पत्ति	४.९	१९८,७६८.५०	२६३,०४७.१६	२७०,५४३.३३
स्थगन कर सम्पत्ति	४.१०	८,८९०.४९	-	-
अन्य सम्पत्ति	४.११	३०५,४५०.११	२४६,१७१.७५	२६५,१५२.६६
कुल सम्पत्ति		६७८,१६२,२७९.९७	५९३,६५९,२८७.९२	५५९,९२८,४३३.५९

विवरण	नोट	२०८२ आषाढ ३२	२०८१ आषाढ ३१	२०८० आषाढ ३१
दायित्व				
निक्षेप दायित्व	४.१२	५५६,२८६,०२९.५७	४९५,९१८,१६८.४०	४७१,९३६,८१०.४९
सापटी	४.१३	-	-	-
व्यवस्था	४.१४	१,९०३,००६.७८	१,४४०,५०२.३९	-
स्थगन कर दायित्व	४.१०	-	९७,९७०.७२	५९,७९१.११
पट्टा दायित्व	४.८	१३,२६६,५७४.२८	१,८३०,६९८.८२	२,२८९,०८२.१४
चालु कर दायित्व	४.५	६८४,०१९.६५	-	-
अन्य दायित्व	४.१५	१,२२७,१९३.८६	१,२०६,८७४.१६	१,८४७,८३३.२२
कुल दायित्व		५७३,३६६,८२४.१४	५००,४९४,२१४.४९	४७६,१३३,५१६.९७
पूँजी				
शेयर पूँजी	४.१६	५५,०८४,२००.००	५०,८८१,२००.००	४६,०१३,९००.००
साधारण जगेडा कोष	४.१७	३८,३७०,५८१.३०	३२,५५८,६३८.८०	२७,८१४,१६७.६१
अन्य नियमनकारी कोषहरु	४.१८	१०,७१६,२४६.०१	८,३३३,९१२.१२	९,०४०,६३६.९९
NFRS समायोजन कोष	४.१९	६२४,४२८.५२	१,००३,२३०.५१	५३८,१२०.०२
अन्य कोषहरु	४.२०	-	३८८,०९२.००	३८८,०९२.००
कुल पूँजी		१०४,७९५,४५५.८३	९३,१६५,०७३.४३	८३,७९४,९१६.६२
कुल पूँजी तथा दायित्व		६७८,१६२,२७९.९७	५९३,६५९,२८७.९२	५५९,९२८,४३३.५९
सम्भावित दायित्व तथा प्रतिवद्धता	४.२१			
पूँजीगत प्रतिवद्धता	४.२२			

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

उत्तम श्रेष्ठ	शिवनारायण घुलु	विमल कार्की	सुनिल सुन्दर सैजु	सि.ए.सुनिल श्रेष्ठ
व्यवस्थापक	कोषाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
				चार्टर्ड एकाउन्टेन्टस्

स्थान : पनौती, काभ्रे ।

मिति : २०८२/०५/३१

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पनौती न.पा. ७, काभ्रे

नाफा नोक्सानको विवरण
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

रकम ने.रु.मा

पुन:स्थापित

विवरण	नोट	२०८१/०८२	२०८०/०८१
ब्याज आम्दानी	४.२३	७३,८२०,६४६.१४	७४,८१९,६५४.९४
ब्याज खर्च	४.२४	(४६,०९८,२९८.४८)	(५३,७८९,२४१.७२)
खुद ब्याज आम्दानी		२७,७२२,३४७.६६	२१,०३०,४१३.२२
शुल्क तथा कमिशन आम्दानी	४.२५	३,४३५,६०१.३१	३,६२६,३४१.०१
शुल्क तथा कमिशन खर्च	४.२६	(२३,८०७.११)	(११,८९९.३२)
खुद शुल्क तथा कमिशन आम्दानी		३,४११,७९४.२०	३,६१४,४४१.६९
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी		३१,१३४,१४१.८६	२४,६४४,८५४.९१
खुद व्यापार आम्दानी	४.२७	-	-
अन्य सञ्चालन आम्दानी	४.२८	६८,५६६.६०	३७,७०४.०८
कुल सञ्चालन आम्दानी		३१,२०२,७०८.४६	२४,६८२,५५८.९९
कर्जा तथा अन्य नोक्सानीको जोखिम (व्यवस्था)/फिर्ता	४.२९	(३,२९०,०००.००)	(६१२,३२५.००)
खुद सञ्चालन आम्दानी		२७,९१२,७०८.४६	२४,०७०,२३३.९९
सञ्चालन खर्च			
कर्मचारी खर्च	४.३०	(८,०३८,०६६.२५)	(७,११२,३२२.१६)
अन्य सञ्चालन खर्च	४.३१	(४,०५७,७३६.०१)	(३,७०२,९६३.७२)
ह्रासकट्टी र परिशोधन	४.३२	(१,०९४,१५५.२५)	(८८०,५८२.५३)
सञ्चालन मुनाफा		१४,७२२,७५०.९५	१२,३७४,३६५.५८
गैर सञ्चालन आम्दानी	४.३३	६९,८६०.७०	-
गैर सञ्चालन खर्च	४.३४	(२४२,६९७.९४)	-
आयकर अघिको नाफा		१४,५४९,९१३.७१	१२,३७४,३६५.५८
आयकर खर्च	४.३५		
चालु आयकर		(१,६३४,५८६.४२)	(१,१९५,४८६.५४)
स्थगन कर		१०६,८६१.२२	(३८,१७९.६१)
खुद नाफा/(नोक्सान)		१३,०२२,१८८.५०	११,१४०,६९९.४३

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

उत्तम श्रेष्ठ
व्यवस्थापक

शिवनारायण घुलु
कोषाध्यक्ष

विमल कार्की
सचिव

सनिल सुन्दर सैंजु
अध्यक्ष

सि.ए. सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

स्थान : पनौती, काभ्रे ।
मिति : २०८२/०५/२१

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पनौती न.पा. ७, काभ्रे

अन्य विस्तृत आम्दानीको विवरण
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

रकम ने.रु.मा

विवरण	नोट	२०८१/०८२	२०८०/०८१
यस अवधिको नाफा		१३,०२२,१८८.५०	११,१४०,६९९.४३
आयकर पछिको अन्य विस्तृत आम्दानी			
क) नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने शिर्षकहरु			
फेयर भ्याल्यूमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएका नाफा/(नोक्सान)		-	-
पुर्नमुल्याङ्कनबाट भएको नाफा/(नोक्सान)		-	-
परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान)		-	-
माथि उल्लेख गरिएका विषय शिर्षकहरुको आयकर		-	-
नाफा/(नोक्सान) मा पुनःवर्गिकरण नगरिने अन्य खुद विस्तृत आम्दानी		-	-
ख) नाफा/(नोक्सान)मा पुनःवर्गिकरण गरिएका वा गर्न अन्य विस्तृत आम्दानी			
नगद प्रवाह हेजमा नाफा/(नोक्सान)		-	-
विदेशी विनिमय संचालनबाट भएको सटही नाफा/(नोक्सान)		-	-
माथि उल्लेख गरिएका विषय शिर्षकहरुको आयकर		-	-
नाफा/(नोक्सान)मा पुनःवर्गिकरण		-	-
नाफा/(नोक्सान) मा पुनःवर्गिकरण गर्न सकिने अन्य खुद विस्तृत आम्दानी		-	-
आयकर पछिको अन्य विस्तृत आम्दानी		-	-
कुल विस्तृत आम्दानी		१३,०२२,१८८.५०	११,१४०,६९९.४३

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पनौती न.पा. ७, काभ्रे

नाफा नोक्सानको बाँडफाँड विवरण
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

रकम ने.रु.मा

विवरण	प्रतिशत	२०८१/०८२	२०८०/०८१
नाफा/नोक्सान हिसाब अनुसारको खुद नाफा/(नोक्सान)		१३,०२२,१८८.५०	११,१४०,६९९.४३
NFRS समायोजन कोष		३७८,८०१.९९	(४६५,११०.४९)
वितरण योग्य नाफा NFRS समायोजन कोष पश्चात्		१३,४००,९९०.४९	१०,६७५,५८८.९४
बाँडफाँड:			
साधारण जगेडा कोष	२५%	३,३५०,२४७.६२	२,६६८,८९७.२३
वितरण योग्य नाफा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोष पुर्व		१०,०५०,७४२.८७	८,००६,६९१.७०
बाँडफाँड:			
संरक्षित पूँजी फिर्ता कोष	२५%	२,५१२,६८५.७२	२,००१,६७२.९३
सहकारी प्रर्वद्धन कोष	०.५%	५०,२५३.७१	४०,०३३.४६
अन्य नियमनकारी कोषहरुमा बाँडफाँड पुर्व नाफा		७,४८७,८०३.४४	५,९६४,९८५.३२
बाँडफाँड:			
शेयर लाभांश कोष	७०%	५,२४१,४६२.४१	४,१७५,४८९.७२
सहकारी शिक्षा कोष	५%	३७४,३९०.१७	२९८,२४९.२७
सहकारी विकास कोष	५%	३७४,३९०.१७	२९८,२४९.२७
सामुदायिक विकास कोष	५%	३७४,३९०.१७	२९८,२४९.२७
घाटापूर्ति कोष	५%	३७४,३९०.१७	२९८,२४९.२७
स्थिरीकरण कोष	५%	३७४,३९०.१७	२९८,२४९.२७
अन्य जोखिम व्यवस्थापन कोष	५%	३७४,३९०.१७	२९८,२४९.२७
नाफा बाँडफाँड पश्चात्		-	-

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

उत्तम श्रेष्ठ
व्यवस्थापक

शिवनारायण घुलु
कोषाध्यक्ष

विमल कार्की
सचिव

सनिल सुन्दर सैंजु
अध्यक्ष

सि.ए.सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

स्थान : पनौती, काभ्रे ।
मिति : २०८२/०५/१३

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पनौती न.पा. ७, काभ्रे

नगद प्रवाहको विवरण
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

रकम ने.रु.मा
पुन:स्थापित

विवरण	२०८१/०८२	२०८०/०८१
<u>कारोबार संचालनबाट नगद प्रवाह</u>		
प्राप्त ब्याज आम्दानी	७४,३१५,०२२.०९	७४,२२९,३८०.६५
प्राप्त शुल्क तथा अन्य आम्दानी	३,४३५,६०१.३१	३,६२६,३४१.०१
ब्याज खर्च भुक्तानी	(४५,४४८,००७.३६)	(५३,५८०,९६५.०४)
कमिशन तथा शुल्क खर्च भुक्तानी	(२३,८०७.११)	(११,८९९.३२)
कर्मचारीलाई भुक्तानी	(६,८७७,८६३.०७)	(५,६७१,८१९.७७)
अन्य खर्च भुक्तानी	(४,०५७,७३६.०१)	(३,७०२,९६३.७२)
संचालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको संचालन नगद प्रवाह	**२१,३४३,२०९.८५**	**१४,८८८,०७३.८१**
संचालन सम्पत्तिमा कमि/(वृद्धि)		
बैंक तथा वित्तीय संस्थामा रहेको आवधिक मौज्दात	४४,०००,०००.००	(९,०००,०००.००)
कर्जा सापटी	(४२,३१९,४०६.७५)	(३१,२६४,८८९.१५)
अन्य सम्पत्ति	(५९,२७८.३६)	१८,९८०.९१
संचालन दायित्वमा (कमि)/वृद्धि		
सदस्यबाट निक्षेप	६०,३६७,८६१.१७	२३,९८१,३५७.९१
सापटी	-	-
अन्य दायित्वहरु	(२६९,५६६.६९)	(६४०,९५९.०६)
आयकर अघिको संचालन गतिविधीबाट खुद नगद प्रवाह	**८३,०६२,८१९.२१**	**(२,०१७,४३५.५८)**
आयकर भुक्तानी	(८४२,८९८.२५)	(८५७,८९९.२३)
संचालन गतिविधीबाट खुद नगद प्रवाह	**८२,२१९,९२०.९६**	**(२,८७५,३३४.८१)**
<u>लगानी कारोबारमा नगद प्रवाह</u>		
स्थिर सम्पत्तिको खरिद	(४,४५९,७९३.००)	(८०,५९०.००)
स्थिर सम्पत्तिको बिक्रिबाट प्राप्ति	-	-
लगानी उपकरण खरिद	(२०५,५३०.९४)	(१३०,२४०.७७)
अमूर्त सम्पत्तिको खरिद	-	(५०,८५०.००)
लाभांश प्राप्ति तथा अन्य लगानी आम्दानी	६८,५६६.६०	३७,७०४.०८
लगानी कारोबारमा प्रयोग भएको खुद नगद	**(४,५९६,७५७.३४)**	**(२२३,९७६.६९)**
<u>वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह</u>		
शेयर निष्काशनबाट प्राप्त	४,२०३,०००.००	४,८६७,३००.००
लाभांश भुक्तानी	(४,१७५,४८९.७२)	(४,५१०,०४६.७३)
संरक्षित पूँजी फिर्ता कोष भुक्तानी	(१,८०३,६२८.७८)	(१,७३२,०६३.२७)
पट्टा दायित्व बापतको भुक्तानी	(१,०३०,८५५.००)	(६६६,६६०.००)
अन्य प्राप्ती/भुक्तानी	(२३,५००.००)	(३९५,७३२.६२)
वित्तीय श्रोत कारोबारबाट खुद नगद प्रवाह	**(२,८३०,४७३.४९)**	**(२,४३७,२०२.६२)**
नगद तथा नगद समानमा भएको खुद (घट) र बढ	**७४,७९२,६९०.१३**	**(५,५३६,५१४.१२)**
नगद तथा नगद समानको श्रावण १ मा रहेको मौज्दात	९३,१८१,६७०.३३	९८,७१८,१८४.४५
नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/(खर्च)	-	-
नगद तथा नगद समानको आषाढ अन्त्यमा रहेको मौज्दात	**१६७,९७४,३६०.४६**	**९३,१८१,६७०.३३**

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

उत्तम श्रेष्ठ	शिवनारायण घुलु	विमल कार्की	सुनिल सुन्दर सैजु	सि.ए सुनिल श्रेष्ठ
व्यवस्थापक	कोषाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
				चार्टर्ड एकाउन्टेन्टस्

स्थान : पनौती, काभ्रे ।
मिति : २०८२/०५/३१

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पनौती न.पा. ७, काभ्रे
इक्विटीमा परिवर्तनको विवरण
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

रकम ने.रु.मा

विवरण	शेयर पूँजी	साधारण जगेडा कोष	अन्य नियमनकारी कोषहरु	अन्य कोषहरु	NFRS समायोजन कोष	कुल इक्विटी
श्रावण १ २०८० सालको मौज्दात	४६,०१३,९००.००	२७,८१४,१६७.६१	९,०४०,६३६.९९	३८८,०९२.००	-	८३,२५६,७९६.६०
समायोजन/पुन: स्थापना	-	-	-	-	५३८,१२०.०२	५३८,१२०.०२
श्रावण १ २०८० सालको समायोजित/पुन: स्थापना मौज्दात	४६,०१३,९००.००	२७,८१४,१६७.६१	९,०४०,६३६.९९	३८८,०९२.००	५३८,१२०.०२	८३,७९४,९१६.६२
आर्थिक वर्षको कुल विस्तृत आम्दानी	-	-	-	-	११,१४०,६९९.४३	११,१४०,६९९.४३
यस वर्ष कोषमा सारिएको						
यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको	-	२,६६८,८९७.२३	८,००६,६९१.७०	-	(१०,६७५,५८८.९४)	-
यस वर्षको अन्य कोषबाट साधारण जगेडा कोषमा सारिएको	-	२,०७५,५७३.९६	(२,०७५,५७३.९६)	-	-	-
कोषबाट गरीएका (खर्च/प्राप्तिहरु)	-	-	(३९५,७३२.६२)	-	-	(३९५,७३२.६२)
इक्विटीमा प्रत्यक्ष लेखांकन हुने स्वामित्वकर्ता संगको कारोबार						-
शेयर निष्काशन खुद	४,८६७,३००.००	-	-	-	-	४,८६७,३००.००
सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता कोष भुक्तानी	-	-	(१,७३२,०६३.२७)	-	-	(१,७३२,०६३.२७)
सदस्यहरूलाई नगद लाभांश भुक्तानी	-	-	(४,५१०,०४६.७३)	-	-	(४,५१०,०४६.७३)
अन्य	-	-	-	-	-	-
आषाढ ३१, २०८१ सम्मको मौज्दात	५०,८८१,२००.००	३२,५५८,६३८.८०	८,३३३,९१२.१२	३८८,०९२.००	१,००३,२३०.५१	९३,१६५,०७३.४३

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

उत्तम श्रेष्ठ	शिवनारायण धुलु	विमल कार्की	सनिल सुन्दर सैंजु	सि.ए. सुनिल श्रेष्ठ
व्यवस्थापक	कोपाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
				चार्टर्ड एकाउन्टेन्टस्

स्थान : पनौती, काभ्रे ।
मिति : २०८२/०५/३१

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पनौती न.पा. ७, काभ्रे

इक्विटीमा परिवर्तनको विवरण

२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

रकम ने.रु.मा

विवरण	शेयर पूँजी	साधारण जगेडा कोष	अन्य नियमनकारी कोषहरु	अन्य कोषहरु	NFRS समायोजन कोष	कुल इक्विटी
श्रावण १, २०८१ सम्मको मौज्दात	५०,८८१,२००.००	३२,५५८,६३८.८०	८,३३३,९१२.१२	३८८,०९२.००	१,००३,२३०.५१	९३,१६५,०७३.४३
समायोजन/पुन: स्थापना	-	-	-	-	-	-
श्रावण १ २०८१ सालको समायोजित/पुन: स्थापना मौज्दात	५०,८८१,२००.००	३२,५५८,६३८.८०	८,३३३,९१२.१२	३८८,०९२.००	१,००३,२३०.५१	९३,१६५,०७३.४३
आर्थिक वर्षको कुल विस्तृत आम्दानी	-	-	-	-	१३,०२२,१८८.५०	१३,०२२,१८८.५०
यस वर्ष कोषमा सारिएको						
यस वर्षको नाफा नोक्सान हिसाबबाट सारिएको	-	३,३५०,२४७.६२	१०,०५०,७४२.८७	-	(१३,४००,९९०.४९)	-
यस वर्षको अन्य कोषबाट साधारण जगेडा कोषमा सारिएको	-	२,४६१,६९४.८७	(१,६६५,७९०.४८)	(३८८,०९२.००)	-	४०७,८१२.३९
कोषबाट गरिएका (खर्च/प्राप्तिहरु)	-	-	(२३,५००.००)	-	-	(२३,५००.००)
इक्विटीमा प्रत्यक्ष लेखांकन हुने स्वामित्वकर्ता संगको कारोबार	-					
शेयर निष्काशन खुद	४,२०३,०००.००	-	-	-	-	४,२०३,०००.००
सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता कोष भुक्तानी	-	-	(१,८०३,६२८.७८)	-	-	(१,८०३,६२८.७८)
सदस्यहरूलाई नगद लाभांश भुक्तानी	-	-	(४,१७५,४८९.७२)	-	-	(४,१७५,४८९.७२)
अन्य	-	-	-	-	-	-
आषाढ ३२ २०८२ सालको मौज्दात	५५,०८४,२००.००	३८,३७०,५८१.३०	१०,७१६,२४६.०१	-	६२४,४२८.५२	१०४,७९५,४५५.८३

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

उत्तम श्रेष्ठ	शिवनारायण घुलु	विमल कार्की	सनिल सुन्दर सैजु	सि.ए. सुनिल श्रेष्ठ
व्यवस्थापक	कोषाध्यक्ष	सचिव	अध्यक्ष	श्रेष्ठ सुनिल एण्ड एसोसिएटस्
				चार्टर्ड एकाउन्टेन्टस्

स्थान : पनौती, काभ्रे ।

मिति : २०८२/०५/२१

उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड
पनौती न.पा. ७, काभ्रे

अन्य नियमनकारी कोषहरुमा परिवर्तनको विवरण
२०८१ श्रावण ०१ देखि २०८२ आषाढ ३२ सम्मको

रकम ने.रु.मा

विवरण	संरक्षित पूँजी फिर्ता कोष	सहकारी प्रवर्द्धन कोष	शेयर लाभांश कोष	सहकारी शिक्षा कोष	सहकारी विकास कोष	सामुदायिक विकास कोष	घाटापूर्ति कोष	कर्मचारी बोनस कोष	स्थिरीकरण कोष	अन्य जोखिम व्यवस्थापन कोष	कुल अन्य नियमनकारी कोष
श्रावण १ २०८० सालको मौज्दात	२,१९६,११०.१६	४३,९२२.२०	४,५१०,०६१.७३	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	९,०४०,६३६.९९
समायोजन/पुन: स्थापना	-	-	-	-	-	-	-	-	-	-	-
श्रावण १ २०८० सालको समायोजित/पुन: स्थापना मौज्दात	२,१९६,११०.१६	४३,९२२.२०	४,५१०,०६१.७३	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	३२७,२२०.४१	९,०४०,६३६.९९
यस वर्ष कोषमा प्राप्ति											
यस वर्षको नाफा नोक्सान हिसावबाट सारिएको	२,००१,६७२.९३	४०,०३३.४६	४,१७५,४८९.७२	२९८,२४९.२७	२९८,२४९.२७	२९८,२४९.२७	२९८,२४९.२७	-	२९८,२४९.२७	२९८,२४९.२७	८,००६,६९१.७०
अन्य प्राप्ति	-	-	-	-	-	-	-	-	-	-	-
यस वर्ष कोषबाट गरीएका खर्चहरु											
सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता भुक्तानी	(१,७३२,०६३.२७)	-	-	-	-	-	-	-	-	-	(१,७३२,०६३.२७)
सदस्यहरूलाई नगद लाभांश भुक्तानी	-	-	(४,५१०,०४६.७३)	-	-	-	-	-	-	-	(४,५१०,०४६.७३)
कोषबाट गरीएका खर्चहरु	-	(४३,९२२.२०)				(२४,५९०.००)	-	(३२७,२२०.४१)	-	-	(३९५,७३२.६२)
जगेडा कोषमा सारिएको	(४६४,०४६.८९)	-	(१५.००)	(३२७,२२०.४१)	(३२७,२२०.४१)	(३०२,६३०.४१)	-	-	(३२७,२२०.४१)	(३२७,२२०.४१)	(२,०७५,५७३.९६)
आषाढ ३१, २०८१ सम्मको मौज्दात	२,००१,६७२.९३	४०,०३३.४६	४,१७५,४८९.७२	२९८,२४९.२७	२९८,२४९.२७	२९८,२४९.२७	६२५,४६९.६८	-	२९८,२४९.२७	२९८,२४९.२७	८,३३३,९१२.१२
श्रावण १, २०८१ सम्मको मौज्दात	२,००१,६७२.९३	४०,०३३.४६	४,१७५,४८९.७२	२९८,२४९.२७	२९८,२४९.२७	२९८,२४९.२७	६२५,४६९.६८	-	२९८,२४९.२७	२९८,२४९.२७	८,३३३,९१२.१२
समायोजन/पुन: स्थापना	-	-	-	-	-	-	-	-	-	-	-
श्रावण १ २०८१ सालको समायोजित/पुन: स्थापना मौज्दात	२,००१,६७२.९३	४०,०३३.४६	४,१७५,४८९.७२	२९८,२४९.२७	२९८,२४९.२७	२९८,२४९.२७	६२५,४६९.६८	-	२९८,२४९.२७	२९८,२४९.२७	८,३३३,९१२.१२
यस वर्ष कोषमा प्राप्ति											
यस वर्षको नाफा नोक्सान हिसावबाट सारिएको	२,५१२,६८५.७२	५०,२५३.७१	५,२४१,४६२.४१	३७४,३९०.१७	३७४,३९०.१७	३७४,३९०.१७	३७४,३९०.१७	-	३७४,३९०.१७	३७४,३९०.१७	१०,०५०,७४२.८७
अन्य प्राप्ति	-	-	-	-	-	-	-	-	-	-	-
यस वर्ष कोषबाट गरीएका खर्चहरु											
सदस्यहरूलाई संरक्षित पूँजी फिर्ता भुक्तानी	(१,८०३,६२८.७८)	-	-	-	-	-	-	-	-	-	(१,८०३,६२८.७८)
सदस्यहरूलाई नगद लाभांश भुक्तानी	-	-	(४,१७५,४८९.७२)	-	-	-	-	-	-	-	(४,१७५,४८९.७२)
कोषबाट गरीएका खर्चहरु	-	-	-	-	(२०,५००.००)	(३,०००.००)	-	-	-	-	(२३,५००.००)
जगेडा कोषमा सारिएको	(११८,०४४.१५)	-	-	(२९८,२४९.२७)	(२७७,७४९.२७)	(२९५,२४९.२७)	-	-	(२९८,२४९.२७)	(२९८,२४९.२७)	(१,६६५,७९०.४८)
आषाढ ३२ २०८२ सालको मौज्दात	२,५१२,६८५.७२	९०,२८७.१७	५,२४१,४६२.४१	३७४,३९०.१७	३७४,३९०.१७	३७४,३९०.१७	९९९,८५९.८५	-	३७४,३९०.१७	३७४,३९०.१७	१०,७१६,२४६.०१